# डुङ्गेश्वर गाउँपालिका डाँडापराजुल,दैलेखको

# गाउँसभाको १५ औं अधिवेशन

## गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के.सी.ज्यूबाट प्रस्तुत गरिएको

# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

प्रस्तुत गरिएको मितिः२०८१।०३।१० गते

पारित गरेको मितिः २०८१।०३।१० गते

प्रमाणित गर्नेः

सुन्दर कुमार के. सी.

अध्यक्ष

**गाउँसभाका उपाध्यक्षज्यू,**
**गाउँसभा सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु,**
**सबै कर्मचारीज्यूहरु,**

प्राकृतिक स्रोतको रुपमा पराजुलीखोला, लोहोरेखोला, स्लेट खानी, पर्यटकीय रुपमा कुँइयाताल, कोटाफेरा,मालिका, धार्मिक रुपमा डुङ्गेल मन्दिर र नारायण मन्दिर जस्ता प्रवित्र स्थल रहेको यो पालिका सामाजिक आर्थिक, वातावरणिय र भौतिक हिसाबले विकासको सम्भावना रहेको पालिकाको रुपमा रहेको छ । यस पवित्र भूमिको बीचमा अवस्थित प्रशासकीय भवनको सभा हलबाट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा भाग्यशाली अनुभूति गरेकोछु।

संविधान सभाबाट संविधान निर्माण पश्चात संविधानले नेपाललाई संघीय संरचनामा रूपान्तर गरी नेपालको शासकीय संरचना संघ,प्रदेश र स्थानीय तहमा विभक्त गरेको छ।निर्वाचनको माध्यमबाट हामीलाई डुङ्गेश्वर गाउँपालिकाको नेतृत्वदायी भूमिकामा पुऱ्याउन योगदान गर्नुहुने मतदाता तथा सम्पूर्ण डुङ्गेश्वर बासीमा हार्दिक आभार व्यक्त गर्दछु।डुङ्गेश्वर गाउँपालिकाको भाग्य र भविष्य कोर्ने महत्वपूर्ण जिम्मेवारी हाम्रो काँधमा आइपरेको छ।यस जिम्मेवारीलाई अवसरको रूपमा लिई उक्त जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्ने दृढता सहित यस गरिमामय गाउँसभामा गाउँपालिकाको अध्यक्षको हैसियतले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफूलाई निकै गौरवान्वित भएको महसुस गरेको छु।नेपालको उन्नति, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा अपाङ्गता भएका एवम् वेपत्ता पारिएका परिवारजनप्रति सम्मान एवं सहानुभूति प्रकट गर्दछु।उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना,सुशासन प्रवर्द्धन,सेवा प्रवाहमा सुधार र सरलिकरण,नागरिकमैत्री शासन, सामाजिक न्याय र भ्रष्टाचार नियन्त्रणलाई केन्द्रबिन्दुमा राखेर नीति तथा कार्यक्रम तयार गरेको छु।

**गाउँसभाका सदस्यज्यूहरू,**

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाले गरेको सार्वजनीक आव्हान अनुसार विभिन्न राजनीतिक दल, संघ संस्था, विद्वानवर्ग,गाउँपालिकाभित्र र बाहिर रहनु भएका दिदी–बहिनी, दाजुभाईहरूबाट प्राप्त सकारात्मक र रचनात्मक सुझाबहरूलाई समेत विशेष ध्यान दिएको छु।डुङ्गेश्वर गाउँपालिकाको बौद्धिक वर्गहरू,सार्वजनिक सुनुवाई, सर्वदलीय तथा सर्वपक्षीय अन्तरक्रिया कार्यक्रमबाट लिएको सल्लाह सुझाब र गाउँसभाका सदस्यहरूले दिनुभएका सुझावहरूलाई समेत मार्गदर्शनका रूपमा लिदै निम्न आधारहरु अवलम्वन गरेको छु।

१. नेपालको संविधानमा उल्लेखित मौलिक हकहरू,
२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को मर्म तथा उद्देश्य,
३. नेपाल सरकारबाट स्वीकृत संघ,प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
४. संघीय सरकार,प्रदेश सरकार र हाम्रो स्थानीय तहको आवधिक तथा भू-वर्गीकरण योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
५. संघीय सरकारले अवलम्वन गरेको आर्थिक तथा वित्तीय नीतिहरू,
६. नेपालले अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरू,
७. संघीय सरकारका क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरू,
८. नेपालले लिएका दीगो विकासका लक्ष्यहरू,
९. गाउँपालिकामा रहेका विभिन्न विषयगत क्षेत्रले अवलम्वन गरेका नीतिहरू,
१०. जनताका तत्कालिन आवश्यकता र आवश्यक देखिएका अन्य विषयहरू

**गाउँसभाका सदस्यज्यूहरू,**

**"सुशासन-सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारःसमाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको मूल आधार"** भन्ने सोचका साथ जनताको सवैभन्दा नजिकको सरकारको रूपमा रहेको डुङ्गेश्वर गाउँपालिकाको स्थानीय सरकार हाम्रो आवश्यक्ताका आधारमा डुङ्गेश्वर गाउँपालिकालाई आबश्यक पर्ने नीति तथा कानूनको निर्माण गर्दै डुङ्गेश्वरबासीको सर्वोपरी हितका लागि मागमा आधारीत योजना छनौट देखि समयमै कार्यान्वयन र अनुगमनका साथै उचित मूल्याङ्कन गरि कार्य

सम्पादन गरिनेछ। गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम निर्माण गर्दा निम्न कुराहरूलाई विशेष रूपमा ध्यानमा राखिएको छ।

- आन्तरिक तथा बाह्य स्रोत साधनहरुको सोधखोच, अनुसन्धान,पहिचान, र समुचित प्रयोग द्धारा पारिश्रमिक,स्वाभलम्बी, आत्मनिर्भर र स्वाभिमानी सुखी जनता,समृद्धपालिका निर्माण गर्ने सोच, लक्ष्य, उद्देश्य, नीति, रणनीति, योजना, कार्यक्रम तथा क्रियाकलापहरु तय गरी लागू गरिनेछ।
- कृषिमा व्यवसायिकरण गरी कृषकको जीवनस्तर सुधार गर्न "एकीकृत कृषि विकास कार्यक्रम" लागू गरिनेछ।
- योजना तर्जुमा,प्राथमिकता,योजना मार्गदर्शन बमोजिम पालिकास्तरमा १० लाख र वडास्तरमा कम्तिमा ५ लाख नघटाई योजना निर्माण गर्ने नीतिलाई अनिवार्य लागू गरिनेछ।
- गाउँपालिका तथा वडास्तरबाट सञ्चालन गरिने पुँजीगत शिर्षक अन्तर्गतको बजेटलाई कुनै पनि चालु प्रकृतिका योजनामा बजेट विनियोजन तथा रकामान्तर गरिने छैन।
- पालिकास्तरीय गौरवको योजना तथा एक वडा एक आय आर्जनमुलक योजनालाई अनिवार्यरूपमा कार्यान्वयन गरिनेछ।
- अध्यक्ष कोषलाई थप प्रभावकारी बनाइनेछ।
- एक वा एकभन्दा बढि वडा साथै छिमेकी पालिकाहरू जोडने योजनाहरूलाई सञ्चालन गर्न पहिलो प्राथिमिकता दिइनेछ।
- डुङ्गेश्वर गाउँपालिकामा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवं गैर-सरकारी संस्थाहरूका लागि वाह्य लगानी मैत्री वातावरण सिर्जना गरिनेछ।
- पालिकाकालाई यस आ.व. भित्र पूर्ण बिद्युतीकरण युक्त पालिका घोषणा गरिनेछ।
- डुङ्गेश्वर गाउँपालिकालाई सुशासन युक्त गाउँपालिका बनाउने कार्यका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा जोड दिइनेछ।
- **"एक घर एक धारा"**, **"पूर्ण सरसफाई उन्मुख पालिका"** घोषणा अभियान सफल बनाउन विविध गतिविधीहरू संचालन गरिनेछ।
- आगामी दुई वर्ष भित्र पालिकालाई खरको छाना मुक्त पालिका घोषण गरिनेछ।
- सिमित स्रोतवाट अधिकतम प्रतिफल प्राप्तिका लागि विभिन्न सरकारी तथा गैर-सरकारी निकायसंग साझेदारी रूपमा गरिने कार्यलाई विशेष प्राथकितामा राखिनेछ।
- मदन आश्रित स्मृति प्रतिष्ठान लगायत अन्य प्रतिष्ठानको पूर्वाधारका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- राष्ट्रिय,अन्तर्राष्ट्रिय संघसंस्थाहरूको एकल तथा साझेदारी सहयोगबाट सञ्चालन हुने आयोजनाहरू समन्वय सहकार्य गरी एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ।
- टोल विकास संस्थालाई नियमित र क्रियाशिल गराई सो मार्फत कार्यक्रम सञ्चालन गरिनेछ।
- उत्पादनका आधारमा उत्कृष्ट कृषकलाई अनुदान तथा पोत्साहन गरिनेछ।
- जनतासँग जनप्रतिनिधि कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरू,**

अव म यस गरिमामय गाउँसभामा क्षेत्रगत रूपमा आथिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**(क) आर्थिक विकास**

**१. कृषी तथा पशुपंक्षी**

**उन्नत कृषिःकिसानको समृद्धिः**

सिंचाई विस्तार, कृषि भूमिको सही उपयोग र आधुनिक प्रविधिको माध्यमबाट कृषिको आधुनिकीकरण र बजारीकरण गर्दै पालिकालाई आत्मनिर्भर र किसानलाई समृद्ध गराउनः

- जीवनको आधारका रूपमा रहेको खाद्य पदार्थ उत्पादन गर्ने कृषि क्षेत्रलाई उच्च महत्त्व दिएर लगानी अभिवृद्धि गर्ने र पालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने तर्फ लगिनेछ।
- डुङ्गेश्वर गाउँपालिकाको भू-वर्गीकरण योजना, २०८१ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

- माटोको उत्पादकत्व बढाउने,माटोको यथार्थ अवस्थाको वैज्ञानिक सूचना र आधुनिक प्रविधिबाट किसानले लाभ पाउने व्यवस्था गरिनेछ।
- कृषि योग्य जमिनमा सिचाई सुविधा उपलब्ध गराउन पारिखेत सिंचाईकुलो तल्लो पाङ्गकोट ५, खाउतखेत चाईना खेत सिचाई पोखरी वडा नं ४,लटाली कालापुलिया सिचाई कुलो निर्माण वडा नं ६, छहरा खोला मुहान देखि खोलावारी सिंचाई कुलो वडा नं ३,खाग्राखोला बात्थाला पिपल डांडा हुँदै गम्फेटोलसम्म सिंचाई योजना वडा नं २,चुप्रा लिफ्ट सिचाई योजना वडा नं.१, अलैची बारी नुवाखेत सिंचाई योजना वडा नं.५, पाङ्गकोट पान्नाउला हेउकली सिंचाई योजना वडा नं. ५ लगायत कृषि योग्य जमिनमा संघिय र प्रदेश सरकारसँग समन्वय गरी सिंचाई सुविधा उपलब्ध गराईनेछ।
- उन्नत जातको विउ,आधुनिक प्रविधि कृषि तथा पशु सेवा सम्बन्धी प्राविधिक जनशक्ति उपलब्ध गराई कृषिको उत्पादकत्व वृद्धिलाई जोड् दिइनेछ।
- कृषि विमा, कृषि उर्जा, कृषि उपजको समर्थन मूल्य निर्धारण, अनुदान जस्ता कदम मार्फत किसानको लगानीको सुरक्षा व्यवस्था मिलाइनेछ।
- कृषिलाई लाभदायिक पेशा बनाउदै किसानको बचत सुनिश्चित गरिनेछ।
- कृषि क्षेत्रमा पकेट,ब्लक, क्लस्टर जस्ता क्षेत्रलाई व्यवस्थित गरिनेछ।
- पालिकाको पहिचान स्थापित गर्ने गरी विशेष खाद्य बालि, फलफुल, पुष्प खेती, नगदे बाली, मसला खेती,पशुपंक्षी,चराचुरूङ्गी वा जलचरको विकास गर्ने।निश्चित कृषि र पशु उत्पादनमा पालिकालाई आत्मनिर्भर उन्मुख बनाउने,पशुपालनका लागि नस्ल सुधार,उन्नत घाँस,पशुजन्य उत्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- कृषि सहकारी तथा टोल विकास समितिको माध्यमबाट व्यवसायिक कृषिको विकास गर्ने।उत्पादक र उपभोक्ताको हित संरक्षण गर्दै वितरणमा बिचौलियाको बर्चस्व अन्त्य गरिनेछ।
- जलवायु परिवर्तनका प्रतिकुल प्रभावबाट किसानहरूलाई संरक्षण गर्न सूचना प्रणाली,नयाँ प्रविधिको विकास र क्षमता अभिवृद्धि गरिनेछ।
- अनुभवमा आधारित खेती प्रणालीलाई ज्ञान र प्रविधिमा आधारित खेती प्रणालीको रूपमा विकास गरिनेछ।साथै डिजिटल कृषि तथा पशु परामर्श सेवा केन्द्र स्थापना गरिनेछ।
- अर्गानिक खेतीको विकास गर्ने, प्राङ्गारिक मल र जैविक विषादीको उत्पादन र प्रयोग गर्दै रैथाने विउ तथा बालिको संरक्षण गरिनेछ।
- पालिका भित्रका कृषि तथा पशुपंक्षी फर्महरूको अवस्था पहिचान गरी उत्पादनमुलक कार्यमा लगाई रोजगारीको सिर्जना गरिनेछ।
- पालिका भित्र रहेका बाँझो जग्गाको विवरण तयार गरी बाँझो जग्गा जमिन उपयोगका लागि प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगारकर्मीहरूलाई परिचालन गरिनेछ।
- अनुदानमा कृषि उपकरणहरू उपलब्ध गराउन साझेदारी कार्यक्रमका लागि बजेटको व्यवस्था गरिनेछ।
- पालिकास्तरीय चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माणको लागि कर्णाली प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ।
- डुङ्गेश्वर गाउँपालिकाभित्र रहेका बैंक,वित्तिय संस्था तथा सहकारी मार्फत सुलभ कृषि ऋणको व्यवस्था मिलाईनेछ।
- “एक वडा एक उत्पादन” विशेष कार्यक्रमलाई जोड दिइनेछ।
- "एक टोल एक पोखरी कार्यक्रम" लाई प्राथमिकतामा राखि सरोकारवाला निकायसँग समन्वय गरी सञ्चालन गरिनेछ।
- राष्ट्रिय किसान समूह महासंघ नेपाल पालिकास्तरमा गठन भएको र यससँग सहकारी,कृषक समूहरूलाई आवद्ध गरी साझेदारी र समन्वयमा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
- जलवायू परिवर्तनबाट परेका असरहरूलाई कम गर्न विभिन्न गैरसरकारी तथा साझेदार निकायहरूसँगको सहकार्य र सहलगानीमा जलवायु उत्थानशीलता कार्यक्रम तय गरी संचालन गरिनेछ।
- सबै वडाहरूमा कम्तिमा एक वटा कृषि तथा पशुजन्य उत्पादन संकलन केन्द्र स्थापना गर्ने कार्य अघि बढाइने छ।
- व्यक्तिगत, सहकारी तथा सामुहिक साझेदारीमा व्यवसायिक पशुपालन मार्फत दिगो रोजगारी सृजना गर्ने तथा निर्वाहमुखी पद्धतिलाई स्तरउन्नती गरी अर्थोपार्जन तर्फ उन्मुख गराउने नीति लिइनेछ।

- कृषी तथा पशुपंक्षी शाखा र वडामा कार्यरत कर्मचारीबाट बाह्रै महिना पशु स्वास्थ्यसंग सम्बन्धित खोजेकै समयमा सेवा उपलब्ध गराउन सकिने गरी औषधि खरिद तथा विउविजन भण्डारण गर्न आवश्यक व्यवस्थालाई निरन्तरता दिइनेछ।
- पशुस्वास्थ्य सेवा प्रभावकारी बनाउन डिस्पेन्सरी सञ्चालन एवं पशु प्रयोगशाला स्थापना गरी पशु सेवालाई थप प्रभावकारी बनाइनेछ। साथै पशुहरूमा लाग्ने संक्रामक रोगहरू विरूद्ध प्रभावकारी खोप कार्यक्रम सञ्चालन गरिनेछ।
- साझेदारीमा आधारित बाख्रा, भैंसी, बंगुर, कुखुराका स्रोत केन्द्रहरू स्थापना तथा बोयर बाख्रा स्रोतकेन्द्र स्थापना गरी उत्पादनमा प्रोत्साहन गरिनेछ। साथै पशुपालनको पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रविधि हस्तान्तरण, सीप विकासका लागि विभिन्न सिप विकास तालिमहरू एवं सचेतनाका विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- अर्गानिक बेमोसमी तरकारी उत्पादन गर्न प्रत्येक वडामा ग्रीन हाउस निर्माणका लागि अनुदानको व्यवस्था गरिनेछ।

## २.औद्योगीकरण र आर्थिक वृद्धिः स्वदेशमै रोजगारी समान र समृद्धि

सार्वजनिक निजी र सहकारी माध्यमद्वारा औद्योगीकरण गर्दै उत्पादन वृद्धि रोजगारी सिर्जना, गरिबी निवारण र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने, सामाजिक सुरक्षा कार्यक्रम मार्फत श्रमिकहरूको हक संरक्षण गर्नेः

- डुङ्गेश्वर गाउँपालिका-१ चुप्रामा आद्यौगिक ग्राम स्थापना गर्न नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।
- पालिकाका अधिकार क्षेत्रभित्रका खानी तथा खनिज पदार्थको उत्खनन् संरक्षण एवं परिचालन सम्बन्धी नीति तथा कानूनी व्यवस्था र सोको कार्यान्वयनद्वारा स्रोत व्यवस्थापन गरिनेछ।
- उद्यमशिलता विकास तालिम र बिउ पुँजीको व्यवस्थापन गरिनेछ।
- आधारभूत औषधी र कृषि उत्पादनलाई आधारित उद्योगहरू स्थापनाको लागि समन्वय गरिनेछ।
- श्रमिकहरूको आवश्यकता र उपलब्धताको अनुसन्धान र अभिलेखिकरण गर्ने,दक्ष र अदक्ष श्रमिकहरूको विकासका लागि सीप विकास,तालिम र पुनःताजकीय तालिम सञ्चालन गरिनेछ।
- रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाउँदै बेरोजगारी अवस्थाको तथ्याङ्क संकलन र सूचना प्रणालीको विकास गर्ने। बेरोजगारलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रममा आवद्ध गरिनेछ।
- विपन्नलाई उत्पादनका साधन तथा सीपमूलक तालिम उपलब्ध गराई काम,रोजगारी र आय आर्जनको अवसर उपलब्ध गराइनेछ।
- श्रमिकको न्यूनतम ज्याला प्रत्याभूत गर्ने,औपचारिक या अनौपानरिक प्रकृतिका कृषि उद्योग र सेवा क्षेत्रमा कार्यरत सबै श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने, निर्माण क्षेत्रमा अधिकतम रोजगारी सिर्जना हुने गरी श्रमप्रधान प्रविधिको प्रयोग गरिनेछ।
- विदेशबाट फर्किएका व्यक्तिहरूको ज्ञान सीप र पुँजीको सदुपयोग गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वदेश तथा विदेशमा रहेका पालिकाबासीलाई लगानी मैत्री वातावरण सिर्जना गरिनेछ।
- वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरू अगाडी बढाइनेछ भने पालिकामा रहेका सबै सहकारी संस्थाहरूको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने, सहकारीहरूको नियमित अनुगमन, नियमन गरी कुशल व्यवस्थापनमा जोड दिइनेछ ।
- गाउँपालिकाको आन्तरिक आय बढाउन राजश्व संकलनका क्षेत्रहरू पहिचान, व्यवस्थापन र विकास गर्ने नीति लिइनेछ।
- ढाका बुनाई, बाँस तथा चोयाबाट बन्ने सामाग्रीको उत्पादन, ऊनको झोला,जस्ता घरेलु तथा साना उद्योग र परम्परागत उद्योगलाई संरक्षण, प्रोत्साहन र प्रबर्द्धन गर्न लघु उद्यम शाखा र सहकारी शाखा बीचको समन्वयमा आवश्यक क्रियाकलाप संचालन गरिनेछ।
- पर्यटकीय प्रवर्द्धनका लागि सम्भाव्यता बोकेका स्थल,वनस्पति उद्यान, डुङ्गेल मन्दिरको बाटो निर्माण, कोटाफेरा, मालिका मन्दिर, कुइयाँताल, सातमुल लगायतका विभिन्न क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्न कार्यक्रम तय गर्नुका साथै प्रचारप्रसारको अभियानलाई जोड दिईनेछ। साथै पालिका भित्रका सबै पर्यटकीय स्थलहरुको पहिचान गरी सोको विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।
- वातावरण तथा वन संरक्षण, वृक्षारोपण, जडिबुटी खेती, नमुना उद्यानहरूको विकास गरी पर्यटकहरू आकर्षित गर्ने नीति लिइनेछ।
- पर्यटन विकासलाई प्रवर्द्धन गर्न पालिका भित्रका उपयुक्त स्थानमा होम–स्टे र वनभोज स्थल व्यवस्थापन गरिनेछ।

## ३. उद्योग,उद्यमशीलता र रोजगारीःसमृद्धिका लागि सहकारी

स्थानीय पुँजीको सङ्कलन उद्यमशिलताको विकास,उत्पादन वृद्धि,रोजगारी सिर्जना र गरिबी निवारणका माध्यमका रूपमा सहकारीलाई विकास गर्नः

- सहकारी मार्फत स्थानीय पुँजी संकलन र उत्पादन वृद्धि गर्दै रोजगारी संचालन गरिनेछ।
- सहकारी तथा निजी क्षेत्रसँगको लागत तथा व्यवस्थापन सहभागितामा स्थानीय वस्तुको उत्पादन आपूर्ति तथा बजारीकरण गरिनेछ।
- बचत तथा ऋण सहकारीलाई उत्पादनमूलक क्षेत्रमा पुँजी परिचालन गर्न प्रोत्साहित गरिनेछ।

- कृषि, शिक्षा, स्वास्थ्य, सञ्चार, आवास, बिद्युत, बायोग्याँस,उपभोक्ता,फोहोरमैला संकलन तथा प्रशोधन प्राङ्गारीक मल तथा जैविक बिषादी उत्पादन आदिमा सहकारीको प्रवर्द्धन गरिनेछ।
- पालिकामा विपन्न परिवारको पहिचान गर्ने, गरिबी सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने र उनीहरूको सहभागितामा उत्पादनमुलक सहकारी निर्माण गरेर सहकारी मार्फत गरिबी निवारण गरिनेछ।

**(ख) सामाजिक विकास**

**१. स्वास्थ्य**

**निरोगी पालिकाःस्वस्थ पालिकाबासी**

पूर्वाधार जनशक्ति,वित्तीय व्यवस्था र स्वास्थ्य चेतनाको विकासद्वारा स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्नः

- स्वास्थ्य परीक्षण,निःशुल्क आधारभूत स्वास्थ्य सेवा,जटिल रोगको सहुलियत उपचार,अति विपन्न दलित,अति विपन्न एकल महिला र क वर्गका अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य बिमा निःशुल्क गरिनेछ।
- नागरिक आरोग्य केन्द्र मार्फत योग,प्रणायम,ध्यान, व्यायम जस्ता प्राकृतिक चिकित्सा पद्धति संचालन गरिनेछ।
- पालिकाको प्रस्तावित १० शैया अपस्पताल निर्माण कार्यलाई अगाडी बढाइनेछ।
- स्वास्थ्य सेवाको उपलब्धता र गुणस्तरको नियमित अनुगमन गरिनेछ।
- महामारी, विपद् तथा अन्य स्वास्थ्य जोखिमको व्यवस्थापन गर्ने,स्वास्थ्यका लागि हानिकारक खाद्य पदार्थको नियमन, सबै खाद्य वस्तुको मापदण्ड निर्धारण र गुणस्तर अनुगमन गरिनेछ।
- स्वास्थ्य सेवा शिविर सञ्चालन, प्रजनन् स्वास्थ्य, पोषण सेवा सम्बन्धी कार्य गर्ने गम्भिर रोगको पूर्व परीक्षण (स्क्रिनिङ) र पाठघरको क्यान्सरको निःशुल्क परीक्षण गरिनेछ।
- गर्भवती सबै महिलाहरूले स्वास्थ्य केन्द्रहरूमा प्रसूति हुन आवश्यक सुविधा र प्रोत्साहन गर्ने, गर्भावस्थामा नै पोषण आहार वितरण,स्वास्थ्य परीक्षण,मातृत्व शिक्षा र शिशु स्याहार कार्यलाई थप प्रभावकारी बनाइनेछ।
- स्पाइनल इन्जुरीका कारण अपाङ्गता भएका साथै गम्भिर प्रकृतिको अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना तथा उनीहरूलाई आवश्यक पर्ने औषधी र अन्य सहायता सामाग्री स्थानीय तहमै उपलब्ध गराउने व्यवस्था गरिनेछ।
- मदिरा सेवन, धुम्रपान,लागू औषधको सेवनलाई निरुत्साहन गर्न जागरणमुलक र कानूनी प्रबन्ध कडाइका साथ लागू गरिनेछ।
- स्वस्थ आहार, स्वस्थ विहार, स्वस्थ विचारलाई कायम गर्न जनचेतना अभिवृद्धि गरिनेछ।
- सुनौलो हजार दिनका आमा तथा बच्चाहरूको कुपोषणको अवस्था प्रत्येक २ महिनामा टोल स्तरमा पुगी लेखाजोखा गरी थप OTC सेन्टर थप गर्दै लगिनेछ।
- सबै स्वास्थ्य संस्थाहरूबाट निःशुल्क परिवार नियोजनको सेवा विस्तार गरिनेछ।मोमेन्टम लगायतका साझेदार निकायसँगको साझेदारीमा नीजि क्षेत्रबाट प्रदान गरिने परिवार नियोजन सेवालाई पालिकाको DHIS मा आवद्ध गरिनेछ।
- बाउनेचौर सामुदायिक आधारभूत स्वास्थ्य केन्द्र डुङ्गेश्वर ४ को भवन निर्माण गरिनेछ।
- ANC/PNC सेवालाई बढाउन वडा नं.३ को बाले, वडा नं.५ को पाङ्कोट र ६ को डुङ्गेश्वर बजारमा Birthing Center को स्तरोन्ती गरिने छ।
- PNC सेवालाई बढाउनका लागि स्वास्थ्यकर्मीहरू द्वारा घरमा पुगी जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।मातृ तथा वाल स्वास्थ्य सेवा समन्वयका लागि "मोवाईल स्वास्थ्य कार्यक्रम" सञ्चालन गरिनेछ।
- स्वास्थ्य संस्था स्तरमा "आकस्मिक चक्रकोष" लाई निरन्तरता दिइनेछ।
- पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेको अवस्थामा स्वास्थ्य संस्थाको रिफरमा प्रदेश भित्रका जुनसुकै स्वास्थ्य संस्थासम्म पुऱ्याउन एकतर्फी एम्बुलेन्स निःशुल्क सेवालाई निरन्तरता दिइएकोछ।
- विशेषज्ञ सहितको स्वास्थ्य शिविर (आँखा, स्त्री रोग,दन्त रोग) समय समयमा सञ्चालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकाको उच्च मूल्याङ्कन गर्दै क्षमता अभिवृद्दि, थप व्यवस्थापनका सामग्री र प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि अवकास कोषको व्यवस्था गरिनेछ।

- गाउँपालिका तथा वडास्तरिय द्रुत प्रतिकार्य टोली (RRT) टिमलाई निरन्तरता दिइनेछ।
- मुटुरोग, मधुमेह, मृगौला रोग, दीर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरूको रोकथाम र व्यवस्थापन लागि आवश्यक रणनीति लिइनेछ। यस्ता विरामीहरूलाई नेपाल सरकारले दिदै आएको निर्वाह भत्ता नियमित रूपमा वैक खाता मार्फत भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गर्भवती महिलाहरूको नियमिति स्वास्थ्य जाँच गर्न स्वास्थ्य चौकीबाट निःशुल्क भिडियो एक्सरे सेवालाई विस्तार गरिनेछ।
- एच.आई.भि./एड्स र यस रोगको रोकथाम,प्रभावित पीडित व्यक्तिहरू पहिचान,रोकथाम तथा उपचार र जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- पालिका स्तरीय मासिक,चौमासिक,अर्ध वार्षिक तथा वार्षिक समीक्षा गोष्ठी,पालिकाको वार्षिक प्रतिवेदन तयार गर्ने, स्वास्थ्य संस्थाहरूमा चौमासिक गोष्ठी कार्यक्रम लाई प्रभावकारी वनाइनेछ।
- स्वास्थ्यकर्मीहरूको बार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा बार्षिक रूपमा उत्कृष्ट स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयसेविकालाई सम्मान तथा पुरस्कृत गरिनेछ।
- स्वास्थ्य सेवा दिवस, नर्सिङ दिवस, क्षयरोग दिवस, कुष्टरोग दिवस, एड्स दिवस, सुरक्षित मातृत्व दिवस, महिला स्वास्थ्य स्वंयसेविका दिवस, लगायतका अन्य दिवस मनाउने कार्यलाई निरन्तरता दिईनेछ।
- हरेक विद्यालयमा वर्षमा कम्तिमा २ पटक विद्यार्थीहरूको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ।
- आयुर्वेद सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि जनशक्ति विकास औजार उपकरण र पूर्वाधार विकासको उचित व्यवस्थापन गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।
- जेहेन्दार, उत्तपिडित,असाय तथा गरिब छात्रछात्राहरुलाई प्राविधिक तथा विज्ञान विषय अध्ययन गर्न उपाध्यक्ष छात्रवृति कार्यक्रम संचालन गरिनेछ।

२. **खानेपानी, सरसफाई र बजार अनुगमन**

**स्वच्छ खानेपानीःसफा बस्ती र राम्रो आनिवानी**

प्रत्येक नागरिकलाई स्वच्छ पिउने पानी र सरसफाईको व्यवस्था मार्फत सफा,सुन्दर र सभ्य पालिका निर्माण गर्नः

- "एक घर एक धारा" अभियान अन्तर्गत आगामी २ वर्षभित्रै सबै नागरिकहरूमा खानेपानीको सुलव आपूर्ति सुनिश्चित गरिनेछ।
- पालिकास्तरीय खानेपानी बोर्ड स्थापना गरी खानेपानी सम्बन्धी आयोजनाको व्यवस्थापन गरिनेछ।
- बृहत् खानेपानी आयोजना संघ,प्रदेश र विभिन्न विकास साझेदार संघसंस्थासँग सहकार्य गरी निर्माण गरिनेछ।
- सरसफाई कार्ययोजना कार्यान्वयन,खानेपानी मुहान लगायत पानीको स्रोतहरूको संरक्षण तथा सफाई सम्बन्धी कार्य गरिनेछ।
- पानी पुनर्भरणका लागि पोखरी निर्माण,वर्षातको पानी संकलन तथा बगेर खेर जाने पानीलाई व्यवस्थापन गरिनेछ।
- गाउँपालिका तथा वडास्तरीय फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड स्थापना गरिनेछ।
- मुलपानी खानेपानी योजना सानो वइरी वडा नं.६,बडधारा लिफ्टीङ्ग खानेपानी योजना वडा नं.४, बलेपाटे धारा लिफ्टिङ्ग खानेपानी योजना वडा नं. ५,रानावन खानेपानी आयोजना वडा नं.४, केउडा पानी खानेपानी योजना वडा नं.४, लगायतका योजना संघ,प्रदेश हेलभेटास लगायतका विकास साझेदार संघ संस्थासँग समन्वय र सहलगानी गरी सञ्चालन गरिनेछ।
- राष्ट्रिय खानेपानीको गुणस्तर मापदण्ड बमोजिम स्वच्छ र गुणस्तरीय खानेपानी सेवा प्रदान गर्न पालिकास्तरीय खानेपानी गुणस्तर प्रयोगशालाको क्षमता,कार्यसम्पादन अभिवृद्धि गर्ने,हालसम्म सम्पन्न खानेपानी योजनाका समितिका पदाधिकारीलाई जलवायु उत्थानशिल सुरक्षा योजना सम्बन्धी क्षमता अभिवृद्धि गर्ने,लैङ्ग सामाजिक समावेशिकरणमा अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित नमुना खानेपानी व्यवस्था मोडेलहरूलाई बाँकी वडाहरूमा विस्तार र एकिकृत गर्ने घरायसीस्तरमा शुद्ध खानेपानीको महत्व, प्रयोग गर्ने तरिका आदी बारे सचेतानमूलक कार्यक्रमका साथै फिल्टर प्रयोगलाई प्रोत्साहन र विस्तार गरिनेछ।

- सार्वजनिक शौचालय, ढल व्यवस्थापन, फोहोर पानी प्रशोधन,फोहोरमैलाको दिगो व्यवस्थापन,फोहोर मैला संकलन प्रशोधन पुनःप्रयोग तथा व्यवस्थापनमा सार्वजनिक-निज साझेदारी तथा अन्तरपालिका साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
- नीति अनुसार जलवायु उत्थानशिल खानेपानी योजनाहरू निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- लोहरे वात्थला नारायणथान लिफ्टिङ्ग खानेपानी योजनालाई प्राथामिकता साथ अगाडी बढाइनेछ।
- वडा नं.४ अन्तर्गतको वडाखोला लिफ्टिङ्ग खानेपानी बहुवर्षीय आयोजनालाई सम्पन्न गर्न पहल गरिनेछ ।
- राष्ट्रिय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी सूचना व्यवस्थापन निति अनुसार NWASH-MIS सूचना प्रणाली विकाससँग र जलवायु उत्थानशील खानेपानी योजना अनुसार कार्यान्वयन गरिनेछ।
- गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख बनाउन सार्बजनिक स्थल, विद्यालयहरूमा खानेपानी तथा सरसफाई र वातावरणीय स्वच्छता लगाएतका विविध कार्यक्रम सञ्चालन गरिनेछ।
- उपभोक्ताहरूको उपभोग्य सामाग्रीहरूको गुणस्तर कायम राख्न नियमित बजार अनुगमन तथा गुनासो सुनुवाई सयन्त्र मार्फत गाउँपालिका क्षेत्र भित्रका बजार अनुगमन तथा बजार ब्यवस्थापन सुधार गर्ने प्रकृयालाई निरन्तरता दिईने छ।
- लाप्का खोला रकचना,मुखरीया चुप्रा र डुङ्गेश्वर बजार खानेपानी मुहान संरक्षणा गरी एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी गराइनेछ।

**३.शिक्षा विकास तर्फः**

**गुणस्तरीय शिक्षाको आधारःप्राविधिक शिक्षाको विस्तार र सामुदायिक विद्यालयमा सुधार**

गुणवान र सक्षम नागरिक तयार गर्न शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै सामुदायिक शिक्षालाई गुणस्तरीय, सीपमूलक र जीवनउपयोगी बनाउनः

- पालिकालाई पूर्ण साक्षरता घोषणा गर्ने।प्रौढ तथा अभिभावक शिक्षा, खुल्ला तथा बैकल्पिक निरन्तर सिकाइ जीवन पर्यन्त सिकाइ सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी कार्य सञ्चालन गरिनेछ।
- सामुदायिक शिक्षालाई गुणस्तरीय प्रतिस्पर्धी र सहज पहुँच भित्र पुराउन प्रयाप्त कक्षा कोठा पुस्तकालय र प्रयोगशाला,विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था आवश्यक जनशक्ति तालिम खेलकुद मैदान घेराबार पूर्वाधारको व्यवस्था गरिनेछ।
- हरित विद्यालयको वातावरणको अवधारणालाई अगाडी बढाइनेछ।
- बालमैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याटको नियमित भरपर्दो वितरण,विद्यार्थीलाई छात्रवृद्धि, अनाथ विद्यार्थीहरूका लागि पोशाक,दिवा खाजा,पाठ्यसामाग्री जस्ता प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- पालिकामा कम्तिमा एक वटा प्राविधिक धारको माध्यमिक विद्यालय स्थापना गर्न पहल गरिनेछ। बहुविधामा कक्षा सञ्चालन प्राविधिक सीप तथा व्यवसायिक तालिम प्रदान गरी पढ्दै कमाउँदै शिक्षालाई सीप र रोजगारीसँग आवद्ध गरिनेछ।
- विद्यालय व्यवस्थापन समितिलाई सक्षम प्रभावकारी र जवाफदेही बनाउने।शिक्षकलाई पछिल्ला सिकाई शैली र ज्ञान बारे अद्यावधिक हुन,प्रविधिमैत्री बन्न र विद्यार्थीमा उत्प्रेरणा दिन सक्ने गरी प्रोत्साहन गरिनेछ।
- माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने,सामुदायिक विद्यालयको गुणस्तर विकास गरेर स्थानीय विद्यालयमा नै पढ्ने वातावरण बनाइनेछ।
- सबैभन्दा योग्यलाई शिक्षण पेशामा आकर्षित गर्न आवश्यक नीति र योजना तर्जुमा गरिनेछ।
- कोटदेवल क्याम्पसको विकास तथा सञ्चालन सम्बन्धी संघ,प्रदेश तथा सरोकारवालाहरू बीच छलफल, अन्तरक्रिया र परामर्श गरी समन्वय तथा सहयोगको लागि पहल गरिनेछ।
- शिक्षा नीति अनुसार कार्यक्रम कार्यान्वयन गरिनेछ।
- त्रिवेणी संगम मा.वि. खेलमैदान र भवन निर्माण वडा नं.१,जनकल्याण मा.वि. सेर्माकोट ६ कोठे भवन निर्माण वडा नं.२,भैरवदेवी प्रा.वि. पैयाचौर भवन निमर्माण वडा नं.२, ने.रा.प्रा.वि. साल्टुडा भवन सुधार वडा नं.४,जनहित प्रा.वि. सानोवइरी घेराबार तथा स्वरस्वती मा.वि.को फिल्ड निर्माण,ने.रा.मा.वि. हनेटाको ६ कोठे भवन निर्माण तथा खेलमैदान निर्माण लगायत संरचनाहरु संघ र प्रदेश सरकारसँग समन्वय र पहल गरिनेछ।

- डुङ्गेश्वर गाउँपालिकाको आफ्नै पहिचान सहितको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सार्वजनिक विद्यालयहरूमा कार्यरत सबै शिक्षक,कर्मचारी तथा सहजकर्ताहरूलाई पेशागत क्षमता विकासका लागि आवश्यक तालिम प्रशिक्षण तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विद्यालयको शिक्षा योजना तथा कार्यक्रमहरूलाई व्यवस्थित र नतिजामुखी बनाउन विद्यालय सुधार योजना निर्माणमा सरोकारवालाहरूको सहभागितालाई अनिवार्य बनाइनेछ।
- बालबालिकाहरूमा सामाजिक, मानसिक र शारिरीक कारणले गर्दा हुने समस्याहरूको समाधान गर्न विज्ञ मनोचिकित्सकहरू मार्फत विद्यार्थी मनोपरामर्श तथा सचेतना सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरूको शैक्षिक उपलब्धीको आन्तरिक तथा बाह्य मूल्याङ्कन प्रमाणित गरी वार्षिक रूपमा उत्कृष्ट विद्यालय,उत्कृष्ट प्रधानाध्यापक,उत्कृष्ट विषय शिक्षक,उत्कृष्ट छात्र र उत्कृष्ट छात्रालाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको अन्तरनिहित प्रतिभा, सिप र कलालाई प्रोत्साहन गरि उनीहरूको क्षमता प्रदर्शनीको लागि तहगत रूपमा पालिका स्तरीय अतिरिक्त क्रियाकलाप प्रतियोगिता सञ्चालन गरिनेछ।
- अनुभव आदान प्रदान तथा नमुना अभ्यासका लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति बीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।
- विद्यालय निरीक्षण अनुगमन र मूल्याङ्कन प्रक्रियालाई नियमित र प्रभावकारी बनाउन जनप्रतिनिधि, शिक्षा समिति, विषय विज्ञ समिति,प्रधानाध्यापक लगायत सरोकारवालाहरूको सहभागितामा अनुगमनको व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्रका अनाथ बालबालिकाहरूको लगत संकलन गरी शिक्षाबाट कोही पनि वञ्चित नहुने गरी त्यस्ता बालबालिकाको अभिभावकत्व गाउँपालिकाले लिने गरी "हामी अभिभावक" कार्यक्रम गरिनेछ।
- प्रत्येक विद्यालयको जिन्सी निरीक्षण तथा आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाई विद्यालयमा आर्थिक अनुशासन कायम गरिनेछ।
- विद्यालयको शैक्षिक गुणस्तर र व्यवस्थापन कुशलता अभिवृद्धि गर्न सबै विद्यालयहरूमा प्र.अ. व्यवस्थापन गरिनेछ।यसरी प्रधानाध्यापक व्यवस्थापन गर्दा सबै प्रधानाध्यापकहरूलाई ५ वर्षे शैक्षिक कार्ययोजना निर्माण गर्न लगाई अनिवार्य रूपमा कार्यसम्पादन सम्झौता गरिनेछ।
- विद्यालयहरुको रेखाङ्कन तथा समायोजन सम्बन्धी प्रचलित शिक्षा कार्यनिर्देशिका अनुसार समिति निर्माण गरी सो समितिको प्रतिवेदन सहित शिक्षा समितिको सिफारिसका आधारमा कार्यान्वयन गरिनेछ।
- विधार्थीहरूमा नैतिक, चारित्रिक, सामाजिक तथा राष्ट्र प्रेमको भावना विकास गर्न सबै विद्यालयहरूमा सरस्वति पुजा, गुरूपूर्णिमा, वाल दिवस र शिक्षा दिवस लगायतका दिवसशीय कार्यक्रमहरु अनिवार्य रूपमा मनाउने व्यवस्था मिलाईनेछ।
- पालिका भित्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत कमजोर सिकाइ क्षमता भएका विद्यार्थीहरूका लागि प्रत्येक विद्यालयमा उपचारात्मक कक्षा सञ्चालन गरिनेछ।बालबिकास केन्द्रहरुलाई थप ब्यवस्थित गरिनेछ।

**४. युवा, खेलकुद तथा रोजगारी**

**सबल पालिकाका लागिः स्वस्थ र सिर्जनात्मक युवाः**

युवाहरूको सर्वतोमुखी विकासका लागि नीतिगत संरचनात्मक एवं स्रोत व्यवस्थापन गर्दै उनीहरूलाई विकासका साझेदार र मुख्य संवाहकका रूपमा अगाडी बढाउनः

- पालिकाको युवा नीति अनुसार योजना र कार्यक्रमहरू तयार गरी युवाहरूमा सिर्जनात्मक सोच, स्वयंसेवी भावना,देश प्रेम,सीप,सामुहिकता र गुणवत्ता विकास गर्न हरेक क्षेत्रमा युवाहरूलाई अगाडी बढ्न प्रोत्साहन र आवश्यक वातावरण निर्माण गर्न, युवाहरूको सहभागीता,नेतृत्व क्षमता विकास गर्दै सामाजिक ,आर्थिक र राजनैतिक माध्यमबाट स्थानीय विकास निर्माणमा सहभागी गराइनेछ। युवा उद्यम कोष स्थापना गरी संचालन गरिनेछ।
- युवा विद्यार्थीहरुको शारीरिक, मानसिक तथा सामाजिक विकासका लागि खेलमैदान, कबड हल, क्लव भवन, आवश्यक खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था लगाएत पूर्वाधार निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न पहल गरिनेछ।

- पालिकाको खेलकुद विकास समिति र जिल्ला स्तरीय खेलकुद विकास समिति को समन्वय र सहयोगमा अध्यक्ष कप,पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको व्यवस्थापन र सञ्चालन गरिनेछ।
- युवा उद्यमशिलता विकासका लागि तालिम व्यवसायिक तथा सीपमुलक शिक्षा इन्टर्नसिप, स्टार्ट अप युवा केन्द्रित बिउ पुँजीको व्यवस्था अन्वेषण र अनुसन्धानमा टेवा पुऱ्याउने।प्रत्येक वडामा युवा केन्द्रित उद्यम व्यवसायको विकास गर्न पालिकामै रोजगारीका अवसर सिर्जना गरी युवालाई परिचालित गरिनेछ।
- युवाहरूलाई छुवाछुत,छाउपडी,दाइजो,जातिय तथा लैङ्गिक भेदभाव अन्धविश्वास कुसंस्कार जस्ता सामाजिक कुरूती हटाउँदै सामाजिक आर्थिक र सांस्कृतिक रूपान्तरणको अभियानमा अग्रणिय भूमिका स्थापित गरिनेछ।
- विपद्, महामारी,विकास निर्माण, सरसफाई तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिका लागि पालिकामा युवा स्वंसेवकहरूको स्थायी संयन्त्र निर्माण गर्ने विपद् व्यवस्थापन प्राधिकरण लगायत राज्यका संरचनासँग समन्वय गरिनेछ।
- आधारभूत र माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि नमूना युवा संसद तथा पालिकामा नमूना गाउँसभा कार्यक्रम सञ्चालन को व्यवस्था गरिनेछ।
- पालिका तथा वडा स्तरमा क्रियाशील युवाक्लव तथा समूहहरूलाई लागूपदार्थ दुर्व्यसनी, धुम्रपान, मद्यपान, वालविवाह लगायतका सामाजिक कुरीति नियन्त्रण लगायतका कार्यहरूमा परिचालन गरिनेछ ।
- पालिका भित्रका क्षमतावान खेलाडीहरूलाई प्रोत्साहन गरिनेछ।
- खेलकुद पूर्वाधार विकासतर्फ डुङ्गेश्वर १ त्रिवेणी संगम मा वि को खेल मैदानलाई पालिकास्तरीय मिनि रङ्गशालामा स्तरोन्तीका लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
- गाउँपालिका स्तरमा एउटा र हरेक वडामा वडा स्तरिय खेलकुद मैदान निर्माण गर्न कर्णाली प्रदेश सरकार तथा नेपाल सरकारसंग पहल गरिनेछ।
- युवाहरूलाई सरकारी सेवाको पहुँचमा उत्प्रेरित तथा सहयोग गर्न विभिन्न लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा विभिन्न संगठित संघ संस्थाका लागि निःशुल्क रूपमा तयारी कक्षाहरू संचालन गरिनेछ।
- यस स्थानीय तह भित्र रहेका विभिन्न रोजगारीका अवसरवाट वञ्चित वेरोजगार व्यक्तिहरूलाई रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणाली मा सुचिकृत गराईनेछ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवद्र्धन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरी वेरोजगार व्यक्तिलाई उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय तथा CTEVT लगायतका तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी तालिमको व्यवस्था गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनामा लाग्ने निर्माण सामग्री तथा औजारहरू आयोजनामा खटिने श्रमिकहरूको ज्यालामा साझेदारी गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि गाउँपालिकाबाट आवश्यक व्यवस्था मिलाइनेछ।
- ५. लैंगिक समानता तथा सामाजिक समावेशीकरणः
- समानता तर्फको महिला यात्राः समाजवाद उन्मुख पालिकाको विशेषताः
- राज्यका हरेक अंग क्षेत्र र क्रियाकलापमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक समानता प्रत्याभूत गर्नः
- राज्य र समाजका हरेक अंग र क्रियाकलापमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
- शिक्षा,स्वास्थ्य,रोजगारी र सामाजिक सुरक्षा लगायत महिलाका संविधानप्रदत्त हकको कार्यन्वयन गरिनेछ।
- घरेलु श्रममा महिलाको योगदानको गणना गर्ने,घरेलु कामको बोझलाई कम गर्दै महिलाहरूलाई उत्पादनशिल र सामाजिक क्षेत्रमा लगाइनेछ।
- महिला उद्यमशिलता मार्फत स्वरोजागरी बढाउनेछ।
- महिलाको समान ज्याला कार्यस्थलमा लैङ्गिक हिंसा, घरेलु हिंसा तथा धार्मिक, सांस्कृतिक प्रथा आदि नाममा हुने सामाजिक भेदभाव र शोषण हटाउन विशेष अभियान सञ्चालन गरिनेछ।
- यौनजन्य हिंसा बलत्कार महिलाद्वेषी संस्कारबाट समाजलाई मुक्त गर्न विशेष अभियान सञ्चालन गर्ने र हिंसाका दोषीहरूमाथि कडा कारवाही गरिनेछ।

**६. खुसी जेष्ठ नागरिक, सुखी बालबालिकाःअपाङ्गमैत्री हाम्रो पालिका**

- जीवनचक्र माथि आधारित सामाजिक सुरक्षा कार्यक्रम मार्फत जेष्ठ नागरिक, बालबालिका,अपाङ्गता भएका व्यक्ति र असायहरूको संरक्षण गर्दै सभ्य र सुसंस्कृत समाजको निर्माण तर्फ कार्यक्रम संचालन गरिनेछ।
- बाल्यकाल देखि वृद्धा अवस्थासम्म सम्वोधन हुने गरी जीवनचक्रमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन र अनुगमन गरिनेछ।
- जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति तथा असायको लगत संकलन र सहयोगको अभियान सञ्चालन गर्ने, उनीहरूको लागि घरमै निःशुल्क स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराइनेछ।
- पालिकास्तरमा रहेका अपाङ्गता सञ्जालाई पालिकामा दर्ता गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- सार्वजनिक संरचना अपाङ्गमैत्री बनाउने,अशक्त व्यक्तिका लागि सहजरूपमा आधारभूत सेवा पुऱ्याइनेछ ।
- जोखिममा रहेका अनाथ, संरक्षकमा आश्रीत मानसिक समस्या, यौनशोषण र हिंसामा परेका बालबालिकाहरूको उद्धार र पुनःस्थापनाका लागि विभिन्न गैर-सरकारी संस्था र सामाजिक तथा धार्मिक संस्थासँग सहकार्य गरिनेछ।
- अशक्त अवस्थामा रहेका जेष्ठ नागरिक तथा "क" वर्गका अपाङ्गता भएका व्यक्तिलाई घरमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था गरिनेछ।
- सामाजिक सेवाको क्षेत्रमा संलग्न संस्थाको दर्ता नियमन,अनुगमन,मानवीय सहायताका क्षेत्रमा परोपकारी सँस्थासंग सहकार्य गरिनेछ।
- बालश्रमको अन्त्य गर्ने,कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने सुनिश्चित गर्ने, बालबालिकाको सिर्जनात्मक क्षमता विकासका लागि बाल क्लब, किशोर किशोरी क्लब र बाल उद्यानहरूको व्यवस्था गरिनेछ।
- ५५ वर्षका एकल पुरूष र अदालतबाट सम्बन्ध विच्छेद भएका तथा ४० वर्ष माथिका एकल महिलाहरूलाई दोहोरो नपर्ने गरी मासिक एकल भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- जेष्ठ नागरिक सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ भने जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभवको हस्तान्तरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- गाउँपालिकावाट सञ्चालन हुने "बहुक्षेत्रीय पोषण कार्यक्रम" र "गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम" लाई दलित, जनजाति, अपांगता, महिला जस्ता लक्षित वर्ग केन्द्रित गरिनेछ ।
- गोरखनाथ जेष्ठ नागरिक मिलन केन्द्रको लागि वडा नं ५ मा जग्गा व्यवस्थापन साथै भवन निर्माण गरिनेछ।

**७. कला तथा संस्कृती प्रवर्द्धन**

**मौलिक कला र संस्कृतिः पर्यटनबाट समृद्धि**

मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण गर्दै स्थानीय पहिचानको अभिवृद्धि गर्ने र पर्यटनको विकास मार्फत रोजगारी र समृद्धि हासिल गर्नः

- पालिकाको पहिचान र गौरवको प्राकृतिक र सांस्कृतिक विषय छनोट र विकास गरिनेछ।
- पर्यटकीय प्राकृतिक सम्पदाहरूको संरक्षण,ऐतिहासिक,सांस्कृतिक सम्पदाहरूको प्रवर्द्धन र मानव निर्मित पर्यटकीय वस्तुहरूको विकास गरिनेछ।
- मुर्त र अमुर्त सांस्कृतिक सम्पादहरूको संरक्षण मार्फत पालिका तथा समग्रतामा मुलुकै सांस्कृतिक पहिचान र गौरवको रक्षा गरिनेछ।
- मठ मन्दिर, चौतारो, ऐतिहासिक स्थल,धार्मिक,पाटी ढुङ्गे धारा,सांस्कृतिक र पुरातातत्विक महत्त्वका सम्पदा एवं स्थानीय मेला,पर्व मातृभाषाको संवर्द्धन जातीय क्षेत्रीय कला संस्कृति र ललितकलाक र जात्राको संरक्षण तथा व्यवस्थापन गरिनेछ।
- चलचित्र, नाटक, साहित्य सिर्जना, स्थानीय श्रष्ठाहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ।
- जैविक र पर्यावरणीय विविधतासहितको इकोटुरिज्मलाई संरक्षण, विकास गर्ने, प्रत्येक वडामा बगैंचा तथा पार्कको विकास तथा व्यवस्थापन गरिनेछ।
- पालिकाको केन्द्र, वडा केन्द्र तथा पायक पर्ने स्थानमा हेलीप्याडको स्थापना गरिनेछ।

- स्थानीय मौलिक संस्कृतिको रूपमा परिचित नौमति बाजा, सोरठी नाच, पञ्चे बाजा,पैसरी,बालाधमारी, देउडा,देउसी,भैलो,भोसो,सिंगारू,लाखे नाच आदिको संरक्षणका लागि तालिम तथा आवश्यक सामाग्री व्यवस्थापनमा सहयोग गरिनेछ।
- भैरव मन्दिर घेरावार र गेट निर्माण वडा नं.५,डुङ्गेल मन्दिर निर्माण तथा व्यवस्थापन वडा नं.६, पराजुलीखोला तथा लोहोरेखोला दोभान आर्यघाट निर्माण वडा नं. ६ लगायतका सम्पदा र संस्कृति संरक्षण,प्रवर्द्धनका लागि प्रदेश सरकारसँग समन्वय गरी निर्माण गरिनेछ।
- पालिकाका स्तरीय संग्रालयको स्थापना गरिनेछ।

**ग) भौतिक पूर्वाधार विकासः**

**१. सहज आवागमनको आधारः दिगो यातायात पूर्वधारः**

सहज आवागमन अर्थतन्त्रमा गतिशिलता सेवा एवं आपूर्ति व्यवस्था सुनिश्चित गर्न दिगो यातायात पूर्वाधारको विकास गर्नः

- पालिका केन्द्रलाई पक्की सडकले जोड्ने,प्रत्येक वडा केन्द्रलाई सडक पूर्वाधार मार्फत पालिका केन्द्रसँग जोड्ने हरेक बस्तिहरूलाई उपयुक्त यातायात पूर्वाधारबाट नजिकको प्रशासनिक केन्द्र र बजारसँग जोडिनेछ।
- जर्सी चोक,देउली,जडी हुँदै गाउँपालिका सम्म सडक स्तरोउन्नती डुङ्गेश्वर वडा नं.१,२, ३, ४ र ५ हुँदै गाउँपालिकाको प्रशासनिक भवनसम्मको सडक कार्यान्वयन गरिनेछ।
- सडक निर्माण गर्दा यसको दिगोपन,लाभ र पर्यावरणीय प्रभावको अध्ययन गरी मापदण्ड पालनाको अनिवार्य व्यवस्थाका साथै जथाभावी डोजर प्रयोगलाई निरूत्साहित गरिनेछ।
- सडक क्षेत्रमा सुरक्षा र दुर्घटना रोकथामका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- डुङ्गेश्वर बजार जिरो पोइन्ट देखि आधारभूत स्वास्थ्य इकाइ हुदै सरस्वती मा.वि. जोड्ने सडक स्तरोउन्नती वडा नं.६,चुप्रा बजार भित्री सडक स्तरोउन्नती वडा नं.१,घोडाबास लटाली ज्यामिरे टाकुरा सडक निर्माण वडा नं.६,थापादाल्का देखि आग्रज्यामिरे जोड्ने सडक निर्माण वडा नं.६,नौतले विउराखेत सडक निर्माण वडा नं.६,जडिराम्री कल्सेढुङ्गा (तल्लो) र जडि कल्सेढुङ्गा माथिल्लो अधुरो सडक वडा नं.३, लटाली चैत्र काफल देखि तीनखाली तुले बुढाको घरसम्म सडक निर्माण वडा नं.६, डि.पि.प्रतिष्ठान वडा नं.१ अधुरो भवन निर्माण, कोटदेवल क्याम्पस तला थप वडा नं.४,वडा नं.६ को वडा कार्यालयको तला थप तथा घेरबार, वडा नं.१ को वडा कार्यालयको भवन लगायत अन्य सडक निर्माण, स्तरोउन्नती, सरसफाई तथा भवन संघ र प्रदेश सरकारसँग समन्वय गरी निर्माण गर्न पहल गरिनेछ।
- डुङ्गेश्वर गुराँस हुँदै प्रदेश जोड्ने डुङ्गेश्वर गाउँपालिका-४ र गुराँस गाउँपालिका-५ बीच पर्ने बिउराखेत खोलामा मोटरेबल पुल, डुङ्गेश्वर गाउँपालिकाको वडा नं.४ र ६ जोड्ने पराजुली खोलाको तिलियाघाट पक्की पुल र डुङ्गेश्वर गाउँपालिकाको वडा नं.५ र २ जोड्ने मटेला खोला पक्की पुल निर्माणको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी निर्माण कार्य अगाडी बढाइनेछ।
- बडिलाघाट डुङ्गेश्वर गाउँपालिका वडा नं.३, लाँकुरी-खाडाखोला जोड्ने डुङ्गेश्वर गाउँपालिका वडा नं १ र २ जोड्ने र पराजुलीमुंग्रा खोला जोड्ने डुङ्गेश्वर गाउँपालिका वडा नं ४ झोलुङ्गे पुल निर्माणको लागि संघ र प्रदेश सरकारसँग पहल गरिनेछ।
- चुप्रा-डुङ्गेश्वर बजार क्षेत्रमा पर्ने दैलेख सुर्खेत सडक खण्डको हालसम्म लगत कट्टा नभएकोले सम्बन्धित निकाय (सडक विभाग नापी कार्यालय र जिल्ला प्रशासन, मालपोत कार्यालय) हरुसँग समन्वय र सहकार्य गरी लगत कट्टा कार्य गरिनेछ।
- जताततै सडकको ट्रयाक खोल्ने तथा सडकको स्तरोउन्नती गर्ने बेलामा वातावरण अन्य विनाश कारी कार्यलाई निरुत्याहित गर्न गाउँपालिकाको यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

**२. एकीकृत बस्ती, योजनावद्ध सहरी विकासःविकसित पालिका सुरक्षित आवास**

प्रत्येक नागरिकलाई सुरक्षित आवासको हक सुनिश्चित गर्दै एकिकृत बस्ती, योजनावद्ध सहरी विकास र विकसित पालिका निर्माण गर्नः

- पालिका भवन परिसरमा एक चमेना गृहको स्थापना गरिनेछ। प्रत्येक वडा केन्द्र, स्वास्थ्य संस्था तथा विद्यालयहरूमा बहुउद्देश्यीय हल तथा चमेना गृह स्थापना गर्ने नीति अवलम्वन गरिनेछ।

- संघ र प्रदेशसँग सहकार्य गर्दै अव्यवस्थित बसोबासको समस्या सदाका लागि समाधानका लागि घरवार विहिन नागरिकलाई जनता आवास, सुरक्षित आवास, विपद् पिडित आवास, खर र फुसका छाना विस्थापित गर्ने कार्यक्रमहरुलाई अभियानका रुपमा संचालन गरिनेछ।
- अवस्थित बसोबासलाई व्यवस्थित गर्ने। यसका लागि सार्वजनिक,निजी साझेदारी ढाँचा अवलम्बन गर्ने। जग्गा एकिकरण प्रणालीलाई प्रवर्द्धन गर्ने। नयाँ आधुनिक र हरित गाउँ बस्तीको विकासका लागि व्यवस्थित योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन गर्ने। सार्वजनिक जग्गा अतिक्रमण र कब्जा गर्नेहरू माथि कानूनी कार्वाही गर्दै त्यस्ता जमिन सार्वजनिक स्वामित्वमा ल्याइनेछ।
- नापी नक्सा डिजिटलाइज गर्न बाँकी कार्य यथाशिघ्र सञ्चालन गरिनेछ।
- घर निर्माणमा नक्सा पास गर्ने कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।
- सिंचाई क्षेत्रका साना, मझौला र बृहत सिंचाई योजनाहरूको वर्गीकरण गरी व्यवस्थापन गर्ने नीति लिइनेछ।
- सडक तथा अन्य पूर्वाधार गाउँपालिका अन्तर्गत सञ्चालन हुने ठुला आयोजनाहरू सञ्चालन गर्न विस्तृत परियोजना प्रतिवेदन र वातावारणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गरी सोही आधारमा सञ्चालन गरिने छ। ठूला आयोजना सञ्चालनको लागि संघ र प्रदेश सरकार र अन्य साझेदारहरूसंग निरन्तर पहल गरिने छ।
- गाउँपालिका भित्र स्थानीय जनताको लागत सहभागिता रहने पूर्वाधार निर्माणका कार्यक्रमलाई प्राथमिकता दिईनेछ।
- निर्माण भएका सडकहरूलाई बाह्रै महिना चलायमान गराउनका लागि सडक स्तरोन्नती कार्यलाई प्राथमिकतामा राखिनेछ।
- सुधारीएको चुल्हो/ विद्युतीय चुलो प्रवर्द्धन कार्यलाई वढावा दिन साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ।
- गत विगतका आर्थिक वर्षहरूमा कार्य सम्पन्न हुन नसकेका योजनाहरूलाई निर्माण व्यवसायी र सम्बद्ध पक्षहरूवीच आवश्यक छलफल गरी कानून बमोजिम प्रकृया अगाडि बढाइनेछ।

**३ आधुनिक ऊर्जाः उज्यालो पालिका**

विद्युत उत्पादन र खपत बढाउने, आधुनिक उर्जामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै नविकरणीय ऊर्जाको प्रयोगद्वारा दैनिक जीवनमा सहजता तथा रोजगारी, आय वृद्धि र पर्यावरण संरक्षण गर्नः

- प्रत्येक नागरिकका घरमा विद्युत सेवा उपलब्ध गराउने, अतिविपन्न परिवारलाई घरायसी प्रयोगको विद्युत निःशुल्क उपलब्ध गराइनेछ।
- उर्जा उत्पादन र वितरणमा सामुदायिक,सहकारी एवं पालिकाको सहभागीता सुनिश्चित गर्ने गरी आवश्यक कानूनी संरचनात्मक प्रबन्ध गर्ने। नेपाल विद्युत प्राधिकरण र बैकल्पिक ऊर्जा प्रबन्धन केन्द्रसँग आवश्यक सहकार्य र समन्वय गरिनेछ।
- पालिकामा सञ्चालित हुने जलविद्युत आयोजनाबाट स्थानीय समुदायलाई साझेदार र लाभांवित बनाउन पहल गरिनेछ।
- बायो ग्याँस,सौर्य,वायु ऊर्जा,लघुजल विद्युत लगायतका बैकल्पिक ऊर्जाका प्रयोगबाट सबै परिवारमा आधुनिक ऊर्जा पुऱ्याउन, घरेलु प्रयोगमा विद्युतीय चुलो लगायत नविकरणीय ऊर्जाको उपयोग बढाउनेछ।
- विकास र आधुनिकरणको प्रक्रियालाई अगाडी बढाउन विद्युतको उपयोग वृद्धि गरिनेछ।
- रारा हाइड्रो प्रा.लि.बाट पराजुलीखोलामा निर्माणाधिन जलविद्युत आयोजनामा पालिकाबाट लगानी गरिएको बजेट सम्बन्धमा आवश्यक जानकारी लिई सो सम्बन्धी कार्य अगाडी बढाइनेछ।
- पालिका र नारायणथान एफ.एम.को सम्झौता बमोजिम हालसम्म कार्य प्रगति के-कस्तो अवस्थामा रहेको छ सोको सम्बन्धी अध्ययन गरी एफ.एम. सञ्चालनका लागि थप कार्य अगाडी बढाइनेछ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

**जलवायु अनुकुलन र विपद् व्यवस्थापनः विकास र वातावरणबीच सन्तुलन**

जलवायु परिवर्तनका प्रतिकुल प्रभावबाट समुदायलाई सुरक्षा र पर्यावरणको संरक्षण गर्न विकास र वातावरण बीच सन्तुलन कायम गर्न,हरित विकासलाई प्रवर्द्धन गर्न,जलवायु उत्थानशिलताका विषय र पक्षहरूलाई प्राथमिकता दिनः

- जलवायु परिवर्तन र विपद् जोखिमका प्रतिकुल प्रभावबाट संरक्षण र अनुकुलताका लागि आवश्यक पर्ने जनचेतना,क्षमता अभिवृद्धि तथा प्रविधिको जानकारीका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ।

- वृक्षारोपणलाई अभियानकै रूपमा सञ्चालन गर्ने,वन संरक्षण,सामुदायिक वनको व्यवस्थापन र निजी वनको विकासका कार्यक्रम अगाडी बढाउने,वन सम्पदाको समूचित विकासद्वारा समुदायको आय आर्जन गराइनेछ।
- जमिनमा पानीको पुनर्भरण र जमिनको जलस्तर बढाउने, तटबन्ध निर्माण, वर्षातको पानी संकलन ,पोखरीको निर्माण र संरक्षण तथा जलधार क्षेत्रको विकास गर्ने,एकिकृत जलाधार क्षेत्र संरक्षण, बाढी पहिरो नियन्त्रण,आगलागी तथा डडेलो नियन्त्रण,जल उत्पन्न जोखिम न्यूनिकरण र जलस्रोतको बहुउपयोगका लागि "एक टोल एक पोखरी" को अभियान सञ्चालन गर्न र संरचनाहरू जलवायु उत्थानशिलतालाई ध्यानमा राखि निर्माण गरिनेछ।
- विकास निर्माणमा हरित प्रविधि, वातावरणमैत्री निर्माण सामाग्री र हरित अर्थतन्त्रको प्रवर्द्धनमा जोड दिइनेछ।
- विपद् जोखिमको नक्साङ्कनका आधारमा प्राकृतिक स्रोत विपद्को सामना गर्न पूर्व तयारी, आपतकालिन उद्धार,राहत एवं पुनःनिर्माण तथा पुनर्स्थापना,बन्दोबस्तीका सामाग्री, एकीकृत र सुरक्षित बस्ती विकास गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वय गरिनेछ।
- विपद्बाट हुने मानवीय, भौतिक क्षति रोक्न भूमि संरक्षण तथा पहिरो नियन्त्रण सम्बन्धी कार्य, नदी खोला तटबन्ध तथा बाढी नियन्त्रण सम्बन्धी कार्य तर्जुमा गर्नुका साथै भुकम्प प्रतिरोधी भवन आचारसंहितालाई पूर्ण रुपमा लागू गरिनेछ।
- प्राकृतिक तथा विपद् बाट क्षति भएका विद्यालय घर लगायतका संरचनाहरुको विवरण संकलनका आधारमा उद्धार तथा पुनर्स्थापना कार्यक्रम तत्काल गरिनेछ।
- वनक्षेत्रमा हुने मानवीय अतिक्रमण रोक्न प्रदेश र संघसँग सहकार्य गरिनेछ।
- सामुदायिक तथा साझेदारी वन उपभोक्ता समितिसँगको सहकार्यमा जडीबुटी एवं वन पैदावार उत्पादन, प्रशोधन तथा बजारीकरण गर्ने र कृषि वनलाई प्रोत्साहन गरिनेछ।
- प्राकृतिक प्रकोपबाट क्षति भएका संरचनाहरूलाई पुनःस्थापना र पुनर्निर्माण यथाशिघ्र गरिनेछ।
- वातावरणीय संरक्षण, जलवायु परिवर्तन तथा अनुकुलन र पानीका श्रोत संरक्षण गर्न दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिनेछ।
- सबै वडाहरूमा टोल विकास संस्था गठन र दर्ता गरी “आफ्नो टोल आफै बनाउँ” अभियानलाई अवलम्बन गरिनेछ।टोल विकास संस्था र उपभोक्ता समितिहरूको दर्ता प्रक्रिया पालिका स्तरमा गरिने तथा उनीहरूलाई विधान निर्माण कार्यमा गाउँपालिकाले सहयोग गरी प्रमाणपत्र समेत वितरण गरिनेछ ।उपभोक्ता समिति मार्फत साझेदारीमा विकास निर्माण आयोजना सञ्चालन गर्ने नीतिलाई व्यवस्थित गरि दर्तावाला टोल विकास संस्था र दर्तावाला उपभोक्ता समितिबाट मात्र योजना कार्यान्वन गरिनुका साथै सम्पन्न भएका योजनाहरू सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ।

**ङ) सुशासन तथा संस्थागत विकासः**

**समुन्नत लोकतन्त्रको आधारः मेलमिलाप, न्याय र मानव अधिकारः**

मानव अधिकारको सम्मान सामाजिक न्यायको प्रत्याभूति र सामाजिक सौहार्दता, जातिय सद्भाव र सांस्कृतिक सहचार्यका माध्यमबाट समुन्नत समाज निर्माण गर्नः

- जैविक र मानवीय आवश्यकताको न्यायचित परिपूर्ति गर्ने,मानव अधिकार र सामाजिक प्रवर्द्धन को प्रत्याभूति गरिनेछ।
- सरकारी संघसंस्थाहरुको वरिपरी ५०० मिटर दुरीभित्र मदिराजन्य तथा लागुपदार्थ जन्य पदार्थहरुको उत्पादन, बिक्रि वितरण, ओसार पसार तथा सेवन गर्न रोकथामको लागि नीति ल्याइ कार्यान्वयन गरिनेछ।
- संघ तथा प्रदेशसँगको समन्वयमा न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन पूर्वाधार निर्माण, समितिको क्षमता विकास एवं स्थानीय मेलमिलाप र मध्यस्थताको व्यवस्था गरिनेछ।
- न्यायमा जनताको पहुँच सुनिश्चित र छिटो छरितो बनाइनेछ।
- विपन्न तथा गरिबका लागि निःशुल्क कानूनी सेवा उपलब्ध गराइनेछ।
- मानव अधिकारको संरक्षण गर्न मानव अधिकार हननको अवस्थाको अनुगमन गरिनेछ।
- द्वन्द्वका घाउ मेटाउन सामाजिक सद्भाव, मेलमिलाप अभिवृद्धि गर्ने, सांस्कृतिक र जातिय सहकार्यको विकासका लागि विशेष अभियान सञ्चालन गरिनेछ।
- सबै खाले सामाजिक-सांस्कृतिक विभेदको अन्त्य गर्न पहल गरिनेछ।
- उपभोक्ता हित संरक्षण कार्यक्रम संचालन गरिनेछ।

- संघ प्रदेश र स्थानीय तह तथा राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाहरू बीच सहकार्य सहयोग र समन्वय सम्बन्धी कार्य अगाडी बढाइनेछ।

**२. संरचनागत तथा कानूनी सुधार र प्रभावकारी समन्वयः**

विगत वर्षका अनुभवबाट सुशासन विकास तथा समृद्धिको क्षेत्रमा उजागर भएका समस्या र सिमालाई सम्बोधन गर्न प्रभावकारी कानूनी, संरचनागत सुधार तथा समन्वय गर्नः

- संविधान प्रदत साझा सूचीमा रहेका अधिकारहरूको पूर्ण कार्यान्वयनका लागि पालिकाबाट निर्माण हुन बाँकी कानूनको निर्माण गरिनेछ।
- स्थानीय तहको बेरूजु अध्ययन र फछ्र्यौटका सम्बन्धमा महालेखा परीक्षकको प्रतिवेदनको सुझावहरूलाई कार्यान्वयन गरिनेछ।
- योजना तर्जुमा पालिका समृद्धिका आधार तथा स्थानीय सम्भाव्यताको पहिचान तथा लगानी आकर्षित गर्न पालिकाको क्षमताको विकास गरिनेछ।
- शहर उन्मुख पालिकाको सुरक्षित र व्यवस्थित शहरीकरण योजना बनाउने तथा अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाइनेछ।
- डुङ्गेश्वर गाउँपालिकाको गान भित्र समिटिएका विभिन्न स्थानहरुको छाँयाकन गरी डुङ्गेश्वर गानको भिडीयो निर्माण गरिनेछ।
- स्रोत साधन परिचालनमा अन्तर निकायसँगको समन्वय थप प्रभावकारी बनाइ विकास निर्माणमा देखिएको दोहोरोपन हटाइनेछ।
- सम्पन्न भएको पालिकाको प्रशासकीय भवनको शिलालेख सहितको उद्घाटन कार्यक्रम गरिनेछ।

**३. संस्थागत सुदृढीकरणः योजनावद्ध विकास**

- योजनावद्ध जनसहभागिता मुलुक एवं समन्यायिक विकासका लागि सहि तथ्याङ्क,उपयुक्त नीति तथा आवश्यक कानूनी प्रबन्ध र पालिकाकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
- "सुखी पालिका बासी,समृद्ध पालिका" को सोच र दिगो विकास लक्ष्यलाई मार्गदर्शन गर्न स्थानीय विकासका ठोस मार्गचित्र तयार गरिनेछ।
- संविधानको एकल तथा साझा अधिकार सूची भित्र हरेका बाँकी नीति,कानून,नियमावली तथा कार्यविधि तर्जुमा गरी मौलिक हक लगायत जनसरोकारका कानून निर्माण गरी लागु गरिनेछ।
- पालिका र वडाको प्रोफाइल तयार गर्ने, तथ्याङ्क तयार गर्ने, अभिलेख अद्यावधिक गर्ने र डिजिटलाइज गर्ने कार्यलाई अगाडी बढाइनेछ।
- योजनाहरूको पब्लिक अडिट,सार्वजनिक सुनुवाई,सन्तुष्टि सर्वेक्षण आदिको व्यवस्था गरिनेछ साथै आवश्यकता अनुसार तेस्रो पक्षको सहभागीतामा योजनाको मुल्याङ्कन गराइनेछ।
- सार्वजनिक एवं सरकारी सम्पत्तिको अभिलेख संकलन,संरक्षण र व्यवस्थापन,भु-सूचना प्रणालीको विकास तथा व्यवस्थापनमा जोड दिइनेछ।
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व,खरिद,राजस्व परिचालन,प्राकृतिक स्रोत-जमिन,वनजंगल, जलस्रोत,खानी आदिको व्यवस्थापन सम्बन्धी निर्माण हुन बाँकी कानून निर्माण गरी लागू गरिनेछ।
- पालिकामा विकासका प्रमुख मुद्दाहरूमा राजनैतिक सहमति र सहकार्यको खाका र विधि निर्माण गरिनेछ।
- समयमै नीति तथा कार्यक्रम एवं बजेट पारित र कार्यान्वयन गर्न,पालिका सभाका समितिहरूको गठन तथा प्रभावकारी सञ्चालन,लेखा प्रणाली,लेखापरीक्षण र लेखा समितिको कार्य सम्पादन अझ चुस्तदुरुस्त बनाइनेछ।
- संगठन-व्यवस्थापन सर्वेक्षण र संगठन संरचना तयारआदि जनशक्ति व्यवस्थापन योजना र जनशक्ति परिचालन,कर्मचारी व्यवस्थापन,परिभाषित उत्तरदायित्वका माध्यमबाट प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न पालिकाका कर्मचारीहरूको संस्थागत क्षमता अभिवृद्धि,कर्मचारी वृद्धि विकास,शासकीय प्रभावकारीता लगायतका कार्यहरु गरिनेछ।
- पालिका तहबाट प्रदान हुने सेवा प्रवाहलाई सुलभ, सहज र प्रभावकारी बनाउन नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन अनुगमन गरिनेछ।

- सुशासनको कसीमा पालिका,वडा कार्यालय,स्वास्थ्य संस्था तथा विद्यालय र जनप्रतिनिधिलाई खरो उतार्न पारदर्शिता,जनसहभागिता,योजनावद्ध कार्य प्रणाली,जवाफदेहीता,प्रभावकारी कार्यसम्पादन, सदाचार र उच्च नैतिकतामा जोड दिइनेछ।
- डुङ्गेश्वर गाउँ प्रहरी परिचालन र शान्ति सुरक्षामा सुधार गरिनेछ।
- लोकतन्त्र प्रासिका लागि आहुती दिने सम्बन्धित पालिकाका व्यक्तिहरूको स्मृतिमा स्मार्क र पार्कहरू निर्माण गरिनेछ।
- कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई सूचकमा आधारित बनाई उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।
- डुङ्गेश्वर गाउँपालिकालाई कार्यक्षेत्र बनाई विभिन्न क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूको अभिलेखिकरण गरि साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- यस पालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढिकरण गर्दै प्रभावकारी बनाइनेछ।
- मध्यमकालिन खर्च, सडक गुरुयोजना, संगठन र व्यवस्थापन सर्वेक्षण आदि तर्जुमा गरी लागु गरिनेछ ।
- वडास्तरमा सञ्चालन हुने योजनाहरूको वडास्तरमै घुम्ती शिविर मार्फत सम्झौता लाइ निरन्तरता दिइनेछ।
- आयोजनाहरूको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ।
- आयोजनाको प्रकृति हेरी टुक्रे आयोजना भन्दा ठूला आयोजनालाई प्राथमिकता दिने तथा अति आवश्यक र साना टुक्रे योजनाहरूलाई अध्यक्ष कोषमार्फत सम्बोधन गर्ने नीति लिइनेछ।सम्भव भएसम्म ई–विडिङ मार्फत आयोजना सञ्चालन गर्ने र घटिघटाउबाट हुने बचत रकम सोही आयोजनाको थप अन्य कार्यमा खर्च गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- योजना तथा कार्यक्रमहरूलाई तथ्याङ्कसंग आवद्ध गर्नका लागि आवश्यक विभिन्न तथ्याङ्कहरू समय समयमा संकलन गरी संकलित तथ्याङ्कहरूको अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरिनेछ।
- यस पालिका अन्तर्गतका सम्पूर्ण विषयगत शाखाहरूको प्रगति समीक्षा कार्यक्रम मासिक रूपमा गर्ने व्यवस्था मिलाइनेछ।
- अस्थायी करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधामा तह अनुरूप एकरूपता ल्याईनेछ।
- गाउँ कार्यपालिकाको कार्यालय र सवै वडाहरूमा सुझाव पेटिका, गुनासो सुनुवाई पुस्तिका, अडियो भिडियो सहितका नागरिक वडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाई सुशासनको प्रत्याभूति गरिनेछ।
- गाउँपालिका तथा अन्य सरकारी संस्थाबाट वर्ष भरी भए गरेको काम कारबाहीको मूल्याङ्कनको लागि तथा कार्यक्रमहरूको सुधारात्मक पक्ष, गल्ती व्यवस्थापन आदि समेतको लागि निर्दिष्ट ढाँचा तयार गरि हरेक वर्ष वडास्तरवाट समेत नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने कार्य प्रारम्भ गरिनेछ।

**४. सूचना तथा सञ्चार प्रविधिः**

- पालिका अन्तरगतका जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी कार्यालयहरूबाट हुने सेवालाई छिटो छरितो र भरपर्दो बनाइनेछ।साथै गाउँपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई क्रमश डिजिटाइजेसन गर्न कार्यलाई निरन्तरता दिदै लगिनेछ।
- पालिकाको Website, Digital Interactive Board, एफ.एम.रेडियो, पत्रपत्रिका, टेलिभिजन एवं सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत जनचेतना कृषि सेवा मौसमको पूर्वअनुमान, यातायात तथा ट्राफिक संकेत र सूचना, बजार मुल्य, विपद् तथा महामारी सम्बन्धी सचेतना फैलाइनेछ।
- पालिका अन्तरगतका सामुदायिक विद्यालयहरूमा स्थापना भएका ICT ल्याबहरू सञ्चालनका लागि जनशक्ति व्यवस्था तथा तालिम संचालन गरिनेछ।
- गाउँपालिकाको मुख्य क्षेत्रहरूमा सिसि क्यामराको जडान कार्य अघि बढाइनेछ।
- स्थानीय सञ्चारकर्मी, सञ्चारगृहको संस्थागत विकास एवम् क्षमता विकासको लागि आपसी समन्वय र सहकार्य गरिनेछ।
- सञ्चार सेवालाई प्रभावकारी बनाउन नेपाल टेलिकम र एनसेल प्रा.लि.सँग समन्वय गरि थप स्थानमा प्रशारण टावर राख्न पहल गरिनेछ।
- सामाजिक संजालको बढ्दो प्रयोग सँगै हुन सक्ने असुरक्षा तथा साइवर अपराध सम्बन्धी सचेतना तथा साइबर सुरक्षा कार्यक्रम सञ्चालन गरी नागरीकहरूलाई यसको सहि प्रयोग गर्न अभिप्रेरित गरिनेछ।

- पारदर्शिता, जवाफदेहिता र सुशासनलाई मध्यनजर गर्दै आम नागरिकको भावनालाई ध्यानमा राखि सहज रूपले सूचना प्राप्त गर्ने वातावरणको सिर्जना गरिनेछ।
- पालिकाबाट नियमानुसार प्रकाशन गर्न मिल्ने मासिक, त्रैमासिक र वार्षिक सूचनाहरू नियमित प्रकाशन गरिनेछ।
- पालिकाबाट पारित भएका ऐन, नियम, नियमावली, कार्यविधि र मापदण्डहरूलाई यथाशक्य छिटो स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।
- गाउँपालिकाको डिजिटल प्रोफाईल, डिजिटल नागरिक वडापत्र, पालिकाको भौगालिक नक्सांकन प्रणालीलाई डिजिटल प्रविधिमा जोडिनेछ।

**५. न्याय, शान्ति सुरक्षा र सार्वजनिक सम्पत्ति संरक्षण**

- न्यायीक समिति र इजलास कक्षको उचित व्यवस्थापन गरिनेछ।
- न्यायिक सचेतना कार्यक्रम सञ्चालन गरि गाउँगाउँमै मेलमिलाप कर्ताको विकास गरी शान्ति तथा अमनचयनको वातावरण तयार गरिनेछ।
- सुशासन प्रवर्द्धन र गाउँपालिकाका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि नगर प्रहरी भर्ना गरिनेछ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्न, प्रत्येक नागरिकको कर्तव्य भएकोले सो तर्फ सबैलाइ सचेत पार्दै लगिने छ भने गाउँपालिका भित्रका सार्वजनिक सम्पत्तिको अभिलेखीकरण गरी त्यसको संरक्षण गरिने छ।
- गाउँपालिका भित्र शान्ति र अमनचयनको वातावरण सिर्जना गर्न नेपाल प्रहरी लगायतका सुरक्षा निकायसँग प्रभावकारी रूपमा सहकार्य गरिनेछ।
- गाउँपालिकाको जिन्सी अभिलेखमा रहेका सामानहरूको सुरक्षित भण्डारण तथा लिलाम गर्नुपर्ने जस्ता पुराना जिन्सी सामानको उचित भण्डारण गर्ने व्यवस्था मिलाईनेछ।
- कार्यालयका ठूला साना सबै सवारी साधनहरू सञ्चालन तथा नियन्त्रण गर्नका लागि सवारी साधनहरूको संचालन तथा मर्मत सम्भार सम्बन्धी कार्यविधि निर्माण गरी लागू गरिनेछ।
- सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार एकीकृत वार्षिक खरिद योजना बनाई जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।
- गाउँपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरू लगायत अन्य कार्यालयहरूको वार्षीक जिन्सी निरीक्षण समितिवाट पेश गरिएको प्रतिवेदनका आधारमा आवश्यक काम कारवाही गरिने छ।

**६. राजश्व परिचालन तथा वित्तिय व्यवस्थापनः**

- करको संभावित नयाँ क्षेत्रको पहिचान गरी सबै व्यक्ति र संस्थालाई करको दायरामा ल्याईनेछ।
- गाउँपालिकास्तरका उत्कृष्ट करदाताहरूलाई सम्मान गरिनेछ।
- करदाताहरूको अभिलेख प्रविधिलाई निरन्तरता दिइनेछ।
- वडा कार्यालयहरूको प्रभावकारी व्यवस्थापन गरी वडा कार्यालयमा व्यापार व्यवसायको लगत संकलन, दर्ता र नविकरणको व्यवस्था मिलाइनेछ।
- आर्थिक क्रियाकलापहरूको निश्चित समयमा गांउपालिकाको वेभसाइट वा सूचना पाटीमा सार्वजनिक गरिने छ।
- प्रचलित कानून वमोजिम लेखा प्रणालीलाई दुरूस्त राखिने छ र सम्पन्न आयोजनाहरूको कार्यमूलक लेखापरीक्षण गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत अति जेष्ठ तथा अपाङ्गता क वर्गका नागरिकलाई वडाबाट सामाजिम सुरक्षा वितरण गर्न सहज उपाय गरिनेछ।
- समपूरक कोष, सडक मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष, कर्मचारी कल्याण कोष जस्ता आवश्यक कोषहरूको स्थापना र व्यवस्थान गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरू,**

प्रस्तुत नीति तथा कार्यक्रममा सहयोग पुऱ्याउने स्थानीय राजश्व परामर्श समिति,बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोज एवं गाउँपालिकाको उपाध्यक्षज्यू र समितिका सदस्यज्यूहरू, गाउँ कार्यपालिकाका सदस्यहरूज्यूहरू,गाउँसभाका सदस्यज्यूहरू,सबै विषयगत समितिका संयोजक तथा सदस्यहरूज्यू,विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु। यस वर्षको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा आ–आफ्नो तर्फबाट हामीलाई पत्राचार, ईमेल तथा फोन लगायत विभिन्न माध्ययमबाट सुझाव सल्लाह दिनुहुने बुद्धिजिवी,अर्थशास्त्री,निजी क्षेत्र,नागरिक समाज तथा सामुदायिक संघ संगठनहरू,पत्रकार, गाउँपालिका बासी,स्वदेश तथा विदेशमा रहनु भएका दिदी बहिनी, दाजुभाईहरू साथै यो नीति तथा कार्यक्रम निर्माणको क्रममा निरन्तर रूपमा खटेर सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीहरूलाई धेरै-धेरै धन्यवाद ज्ञापन गर्दछु। संविधानले निर्दिष्ट गरे अनुरूपको कार्य गर्ने हाम्रो दायित्व हो। सम्पूर्ण डुङ्गेश्वर गाउँपालिका बासीमा सुशासनको प्रत्याभूति गराउने, विकास र समृद्धिको लागि योजनाबद्ध ढंगले अगाडी बढ्दै नमूना र समृद्ध डुङ्गेश्वर गाउँपालिका बनाउने मेरो दृढ संकल्प र अठोट रहेको छ।

धन्यवाद !

सुन्दर कुमार के.सी.
अध्यक्ष
डुङ्गेश्वर गाउँपालिका, दैलेख।